# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल


पत्र संख्याः २०८२/०८३ मिति : २०८२/१०/०९
चलानी नं.:- ६२५

**विषय :- श्रीपञ्चमी तथा सरस्वतीजयन्तीको हार्दिक शुभकामना ।**

प्रिय **Gen-Z** भाईबहिनी तथा विधार्थीहरु,
आदरणिय शिक्षक अभिभावक तथा सम्पुर्ण मिथिला नगरवासीहरु,
मिथिला नगरपालिका ।

श्रीपञ्चमी तथा सरस्वतीजयन्तीको शुभ अवसरमा तपाईहरुलाई उज्जवल भविष्यका लागि हार्दिक शुभकामना तथा उत्तोत्तर प्रगातीको कामना गर्दछु ।

**Gen-Z** आन्दोलनले उठाइएका स्वतन्त्रता, समानता, सुशासन र विकासका मुद्धाहरुलाई आत्मसाथ गरी हामी तपाईहरुलाई निशुल्क र गुणस्तरिय शिक्षा दिनका लागि यस मिथिला नगरपालिका क्षेत्रका सामुदायिक विधालयहरुका भौतिक पूर्वाधार निर्माण, पालिकाबाट दरवन्दी थप, शिक्षक पदपुर्ति, शिक्षकहरुका लागि तालिम, विपन्न र जेहनदार विधार्थीका लागि छात्रावास तथा छात्रवृति उपलब्ध गराउन प्रतिवद्ध छौं ।

महंगो शिक्षा तथा स्वास्थ्य सेवामा उपचारको विकल्पका रुपमा गुणस्तरिय निशुल्क शिक्षा र स्वास्थ्य सेवा नगरपालिकाबाट उपलब्ध गराई सुशासन प्रत्याभुति दिलाउनु हाम्रो पहिलो प्राथमिकता रहेकोले हामीलाई विश्वास गरी आफ्ना वालवालिकाहरुलाई सामुदायिक विधालयमा भर्ना गराउनु हुन विन्रम अनुरोध गर्दछु ।

विश्वमा शान्तिको सन्देश फैलाउने गौतम बुद्ध, राजा जनकको ऐतिहासिक विरासत् तथा तराई देखि हिमाल र पहाडका कुनाँ काप्चासम्म शिक्षण पेशा गरेका मधेशका शिक्षकहरुको मुल थलो मधेश प्रदेशको एउटा पनि जिल्ला साक्षर हुन नसकेका तितो यर्थात हाम्रालाई चिन्ताको विषय हो । त्यसर्थ प्रत्येक शिक्षित व्यक्तिले एक जनालाई साक्षर वनाउन तथा विद्यार्थी भाईबहिनीहरुलाई आफ्ना र आफ्ना छिमेकी परिवारलाई साक्षर वनाई नगरपालिकालाई सारक्षता अभियानमा सहयोग गरिदनुहुन मिथिला नगरका सम्पुर्ण वासिन्दाहरुलाई हार्दिक अपिल गर्दछु ।

..............................
(महेन्द्र महतो)
प्रमुख

महेन्द्र महतो
नगर प्रमुख


"हाम्रो मिथिला हाम्रो शान; समृद्ध नगर हाम्रो अभियान"
वेबसाइट: www.mithilamun.gov.np
ईमेलः-**mithilamunicipality81@gmail.com** सम्पर्क नं **041-560046**